# ढोरपाटन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**बुर्तिबाङ, गण्डकी प्रदेश, नेपाल**

## सिलवन्दी दरभाउ पत्र आह्वानको सूचनाः

**प्रथम पटक प्रकाशित मिति : २०८०/१०/०९**

यस ढोरपाटन नगरपालिका क्षेत्रभित्र आ.व. २०८०।०८१ र २०८१/०८२ मा बुर्तिबाङ बसपार्क भित्रको पार्किङ शुल्क संकलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म/कम्पनीबाट तपशिल बमोजिम सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. यो सुचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म दरभाउ पत्र फाराम यस कार्यालयमा अद्यावधिक नवीकरण गरेको ब्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि, ब्यवसाय कर तिरेको रसिदको प्रमाणीत प्रतिलिपी, स्थायी लेखा नम्बर PAN / VAT दर्ताको प्रमाणपत्रको प्रतिलिपी र ०७९।०८० सम्म कर चुक्ता गरेको प्रमाणीत प्रतिलीपी सहित यस कार्यालयको नाममा रहेको ने.वै.लि. बुर्तिबाङ शाखाको खाता नं. १२१०३००००१००१०००००१ (आन्तरिक राजश्व खाता) मा जम्मा गरेको सक्कलै भौचर निवेदन साथ पेश गरेपछि नियमानुसार दरभाउ पत्र फाराम (रकम फिर्ता नहुने गरी) यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका दरभाउ पत्रमा उल्लेख भएका सवै विवरण प्रष्टसंग लेखी फर्मको आधिकारीक प्रतिनिधि मार्फत सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० वजेभित्र कार्यालयमा दर्ता गरी प्रशासन शाखामा बुझाउनु पर्नेछ ।

३. दरभाउ पत्र फारम साथ आफूले कवोल गरेको अंकको (मु.अ.कर समेत) ५ प्रतिशतले हुन आउने जमानत वापतको रकम यस कार्यालयको नेपाल बैंक लि. बुर्तिबाङ शाखाको खाता नंम्बर १२१०३०००००३००००००००१ (धरौटी खाता) मा जम्मा गरेको भौचर समावेश गर्नुपर्ने छ साथै दरभाउ पत्र स्वीकृत भएपछि सम्झौता गर्दाको बखत आफुले कबोल गरेको अंकको भ्याट सहितको ५० प्रतिशत रकम न.पा.को आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्नेछ र बाँकी ५० प्रतिशत रकम २०८० चैत्र मसान्त सम्म भुक्तानी गरिसक्नु पर्नेछ ।

**४.** दरभाउ पत्र शर्त रहित केरमेट नभएको कार्यालयले उपलब्ध गराइएको दरभाउ पत्र फारममा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको, रीत नपुगेका, सुचनाको शर्त विपरित भएको दरभाउ पत्र माथि कारवाही हुने छैन ।

५. दरभाउ पत्र खरिद वा दर्ता गर्ने फर्मले कामको सम्वन्धमा राम्ररी बुझि भरेको मानिनेछ ।

६. दरभाउ पत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. दरभाउ पत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

**८.** दरभाउ पत्रदाताले आफुले पेश गरेको कवोल अंक मूल्य अभिवृद्धि कर सहितको वा वाहेक भनी उल्लेख गर्नुपर्नेछ । यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर वाहेकको मानिनेछ ।

९. यस सुचनामा उल्लेखित कुराहरु वाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१०. दरभाउ पत्र सम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । (सम्पर्क नं. ०६८-४१०१८२ )

११. सिलवन्दी दरभाउपत्र १६ औं दिनको २ बजे ढो.न.पा नगर कार्यपालिका कार्यालयमा दरभाउपत्र दाताको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता उपस्थित नभएमा दरभाउपत्र फ़ाराम कार्यालयले खोल्न बाधा पर्ने छैन ।

१२. सूचनाको म्यादभित्र रितपूर्वक पर्न आएका प्रस्ताव मध्ये न्यूनतम अंक भन्दा सबै भन्दा बढि रकम कवोल गर्ने प्रस्ताव छनौट गरिनेछ ।

१३. बसपार्क ठेक्का सम्झौताको अवधि २ (दुई) वर्ष सम्मको हुनेछ । निजले प्रवाह गरेको सेवा सन्तोषजनक भएमा नगर कार्यपालिकाको निर्णयबाट २ वर्ष म्याद थप गर्न सकिनेछ ।

१४. सवारी साधन पार्किङ शुल्क लिने विषय नगरपालिकासंगको सहमतीमा हुनेछ ।

१५. बसपार्कको नियमित सरसफाई गर्नुपर्नेछ ।

१६. नगरपालिकाले तोकिदिएको स्थानमा मात्र काउन्टर राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१७. निर्धारित समयमा सवारी साधानको नियमित आवतजावत गराउनु पर्नेछ ।

१८. साना तथा ठूला सवारी सधानलाई तोकिएको स्थानमा पार्किङको व्यवस्था मिलाउनु पर्नेछ ।

१९. अन्य विषयहरु बुझ्नु पर्ने भएमा कार्यालय समयमा ढो.न.पा. नगर कार्यपालिका कार्यालयमा बुझ्न सकिनेछ ।

**तपशिल**

| दरभाउ पत्र नं. | दरभाउ पत्र (ठेक्का) को नाम | क्षेत्र | न्युनतम अंक (भ्याट वाहेक) बार्षिक रु. | दरभाउ पत्र फाराम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|
| | बुर्तिवाङ बसपार्क क्षेत्रको पार्किङ शुल्क उठाउने | ढोरपाटन नगरपालिका वडा नं. १ | ६००००/- | १०००/- | |

२०८०।१०।०९

बिष्णु प्रसाद ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत